# औद्योगिक व्यवसाय ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।७।२७

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०५४ | २०५४।५।६ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ | २०५५।१०।७ |
| ३. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७♦ | २०५७।४।२६ |
| ४. | आयकर ऐन, २०५८ २०५८।१२।१९ | |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ५ | केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ | २०६४।५।९ |
| ६. | गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६• | प्रमाणीकरण र प्रकाशन मिति २०६६।१०।७ |

२०४९ सालको ऐन नं. ३५

®..............................................

औद्योगिक विकासका लागि बनेको ऐन

**प्रस्तावना** : देशको अर्थतन्त्रको समुचित विकासको लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहबर्द्धक बनाई उत्पादकत्वमा अभिबृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसायहरू फस्टाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसद्ले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय ऐन, २०४९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा ३ मा उल्लेखित उद्योग सम्झनु पर्छ ।

(ख) "घरेलु उद्योग" भन्नाले दफा ४ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ग) "साना उद्योग" भन्नाले दफा ५ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(घ) "मझौला उद्योग" भन्नाले दफा ६ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ङ) "ठुला उद्योग" भन्नाले दफा ७ बमोजिमको उद्योग सम्झनु पर्छ ।

◊(ङ१) "निर्यात प्रवर्द्धन उद्योग" भन्नाले आफ्नो उत्पादनको असी वा सो भन्दा बढी प्रतिशत निर्यात गर्ने उद्देश्यले स्थापना भएको तोकिएको उद्योग सम्झनु पर्छ ।

◊(ङ२) "निर्यात प्रवर्द्धन क्षेत्र" भन्नाले नेपाल सरकारबाट निर्यात प्रवर्द्धन उद्योग रहने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ ।

(च) "स्थिर जेथा" भन्नाले दफा ८ मा उल्लेखित उद्योगको चल अचल सम्पत्ति सम्झनु पर्छ ।

(छ) "बोर्ड" भन्नाले दफा १२ बमोजिम गठित औद्योगिक प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा १७ बमोजिम गठित एकद्वार समिति सम्झनु पर्छ ।

---

♦ यो ऐन सम्वत् २०५७ साल साउन १ गते देखि लागु भएको ।

• यो ऐन सम्वत् २०६५ साल जेठ १५ गते देखि लागु भएको ।

® गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

◊ पहिलो संशोधनद्वारा थप ।

(झ) "सञ्चालन मिति" भन्नाले सम्बन्धित उद्योगले व्यापारिक उत्पादन शुरू गरेको वा सेवा प्रदान गरेको मिति सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै विभाग वा कार्यालय सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **उद्योगको बर्गीकरण** : यस ऐनको प्रयोजनको लागि उद्योगहरूलाई देहाय बमोजिम बर्गीकरण गरिएको छ :-

(क) उत्पादनमूलक उद्योग : कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको मालसामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने ।

(ख) उर्जामूलक उद्योग : जलस्रोत, वायू, शौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायो ग्यास तथा अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने ।

(ग) कृषि तथा वनजन्य उद्योग : मूलतः कृषि वा वन पैदावारमा आधारित एकीकृत किसिमको रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबूटी खेती तथा प्रशोधन, तरकारीका बीउ बीजन उत्पादन, ◊च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्धारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), ग्रिन हाउस, मौरी पालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती वन, एग्रोफरेष्टी आदि व्यवसायिक वन सम्बन्धी व्यवसायहरू ।

(घ) खनीज उद्योग : खनीज उत्खनन वा प्रशोधन गर्ने ।

(ङ) पर्यटन उद्योग : पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ, रिजर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, केवलकार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा (ट्रेकिङ्ग), हट्एयर व्यालुनिंग, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण (हर्स राइडिङ्ग) आदि व्यवसायहरू ।

(च) सेवा उद्योग : कार्यशाला (वर्कशप), छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ होम, शिक्षण एवं प्रशिक्षण संस्था, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि व्यवसायहरू ।

(छ) निर्माण उद्योग : सडक, पूल, रोपवे, रेल्वे, ट्रलीबस, टनेल, फ्लाइङ्ग ब्रीज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने ।

४. **घरेलु उद्योग** : श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसंग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका अनुसूची १ मा उल्लेख भए बमोजिमको उद्योग घरेलु उद्योग हुनेछ ।

५. **साना उद्योग** : ∇तीन करोड रूपैयाँसम्म स्थिर जेथा भएको उद्योग साना उद्योग हुनेछ ।

---

◊ पहिलो संशोधनद्धारा थप ।

∇ पहिलो संशोधनद्धारा संशोधित ।

६. **मझौला उद्योग** : ∇तीन करोड रूपैयाँ भन्दा बढी दश करोड रूपैयाँसम्मको स्थिर जेथा भएको उद्योग मझौला उद्योग हुनेछ ।

७. **ठूला उद्योग** : ∇दश करोड रूपैयाँ भन्दा बढीको स्थिर जेथा भएको उद्योग ठूला उद्योग हुनेछ ।

८. **उद्योगको स्थिर जेथा** :(१) उद्योगको स्थिर जेथामा देहायका चल वा अचल सम्पत्तिहरू पर्ने छन् :-

(क) जमीन र जमीन सुधार (जस्तै जमीन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरू),

(ख) स्थलीय भौतिक पूर्वाधारहरू (जस्तै ढल निकास, आन्तरिक सडक),

(ग) कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत वितरण, पानी वितरण व्यवस्था तथा आवास भवनहरू,

(घ) यन्त्र, उपकरण तथा औजारहरू,

(ङ) परिवहनका साधनहरू,

(च) विद्युत उपकरण तथा कार्यालय उपकरणहरू,

(छ) फर्निचर, फिक्सचर, संचार व्यवस्था तथा उपकरणहरू ।

(२) उपदफा (१) मा उल्लेखित सम्पत्तिहरूको अतिरिक्त उद्योगमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पूँजीकृत गरिने प्राविधिक परामर्श र सुपरीवेक्षण खर्च, पूर्व लगानी र पूर्व सञ्चालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने ब्याज समेतलाई उद्योगको स्थिर जेथाको रूपमा मान्यता दिइनेछ ।

९. **अनुमति** :(१) सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने किसिमका अनुसूची २ मा उल्लेख भएका उद्योगहरू बाहेक अन्य उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्नको लागि अनुमति लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनु पर्ने किसिमका उद्योग स्थापना गर्न चाहनेले अनुमतिको लागि विभाग समक्ष तोकिएको विवरणहरू समेत संलग्न राखी तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा विभागले बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिन भित्र तोकिएको ढाँचामा अनुमति दिनु पर्नेछ । बोर्डले उद्योगको स्थापना गर्ने अनुमति नदिने निर्णय गरेमा विभागले सो कुराको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

१०. **उद्योग दर्ता गराउने** :(१) यस ऐन बमोजिम अनुमति लिनु पर्ने ∝............... कुनै पनि उद्योगको स्थापना गर्दा तोकिए बमोजिम विभागमा दर्ता गराउनु पर्नेछ ।

◊(१क) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने कुनै पनि उद्योग स्थापना गर्दा उद्योगको प्रकृति, वर्ग, उद्योग रहने स्थान, उद्योगले प्रयोग गर्ने मेशिनरी, कोरा माल, सहायक कोरा माल, रसायन, प्याकेजिङ्ग सामान र उद्योगपतिको नाम खुलाई उद्योग दर्ताको लागि विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) ∇उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महीनाभित्र दर्ता गराउनु पर्नेछ ।

---

∝ पहिलो संशोधनद्वारा झिकिएको ।

◊ पहिलो संशोधनद्वारा थप ।

∇ पहिलो संशोधनद्वारा संशोधित ।

(३) ∇उपदफा (१), (१क) वा (२) बमोजिम उद्योग दर्ताको लागि दरखास्त परेको मितिले एक्काईस दिनभित्र विभागले त्यस्तो उद्योग दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम घरेलु तथा साना उद्योगको दर्ता घरेलु तथा साना उद्योग विभागमा वा सो विभाग अन्तर्गतको जिल्लास्तरीय कार्यालय वा सो विभागले तोकेको कुनै कार्यालयमा गराउनु पर्नेछ र मझौला र ठूला उद्योगहरूको दर्ता उद्योग विभाग वा सो विभागले तोकेको कुनै कार्यालयमा गराउनु पर्नेछ ।

११. **अनुमतिपत्र वा दर्ता प्रमाणपत्रमा खोलिने कुराहरू** : उद्योगले पाउने सुविधा तथा सहुलियतहरू एवं उद्योगहरूले पालना गर्नु पर्ने तोकिए बमोजिमका शर्तहरू अनुमतिपत्र वा दर्ता प्रमाणपत्रमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

१२. **औद्योगिक प्रवर्द्धन बोर्डको गठन** : (१) नेपाल सरकारले देहायका सदस्यहरू भएको एक औद्योगिक प्रवर्द्धन बोर्ड गठन गर्नेछ :-

(क) उद्योग मन्त्री वा राज्य मन्त्री - अध्यक्ष
(ख) उद्योग सहायक मन्त्री - सदस्य
(ग) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) - सदस्य
(घ) गभर्नर, नेपाल राष्ट्र बैंक - सदस्य
(ङ) सचिव, उद्योग मन्त्रालय - सदस्य
(च) सचिव, अर्थ मन्त्रालय - सदस्य
(छ) सचिव, वाणिज्य मन्त्रालय - सदस्य
(ज) सचिव, पर्यटन मन्त्रालय - सदस्य
(झ) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग - सदस्य
(ञ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ - सदस्य
(ट) उद्योग, वाणिज्य एवं पर्यटन क्षेत्रका संघ वा प्रतिष्ठित व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको दुईजना - सदस्य
(ठ) महानिर्देशक, उद्योग विभाग - सदस्य-सचिव

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बोर्डका सदस्यहरूमा आवश्यक थप घट वा हेरफेर गर्न सक्नेछ ।

(३) बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **बोर्डको काम, कर्तव्य र अधिकार** : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) देशको औद्योगिकरण सम्बन्धी नीति, ऐन, नियमहरूको तर्जूमा र कार्यान्वयनमा आवश्यक सहयोग पुर्‍याउने ।
(ख) राष्ट्रले अपनाएको उदार खुला एवं प्रतिस्पर्धात्मक आर्थिक नीतिहरूको उद्देश्य प्राप्तिको लागि उद्योग क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजान मार्गदर्शन दिने ।
(ग) औद्योगिक नीतिको नीतिगत स्तर र कार्यान्वयन स्तर बीच समन्वय कायम गर्ने ।
(घ) वातावरण र जनस्वास्थ्यमा असर हुन नदिन बढी जोड दिई वातावरण प्रदूषणलाई रोक्ने उपाय एवं व्यवस्था अंगीकार गर्न लगाउने ।
(ङ) उद्योगको वर्गीकरणमा कुनै उद्योग समावेश गर्न नेपाल सरकारलाई सिफारिश गर्ने ।

---

∇ पहिलो संशोधनद्वारा संशोधित ।

(च) अनुसूची ३ मा उल्लेखित क्षेत्रहरू सम्बन्धमा समय समयमा मूल्यांकन गरी हेरफेर गर्न नेपाल सरकारलाई सिफारिश गर्ने ।

(छ) समितिले उपलब्ध गराउने सुविधा एवं सहुलियत पाइन भनी उद्योगले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई निर्देशन दिने ।

(ज) बोर्डको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४. **बर्गीकरण र क्षेत्रमा हेरफेर** : बोर्डको सिफारिशमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उद्योगको बर्गीकरणमा कुनै उद्योग समावेश गर्न वा अनुसूची ३ मा उल्लेखित क्षेत्रमा समयानुकूल हेरफेर गर्न सक्नेछ ।

१५. **उद्योगलाई दिइने सुविधा तथा सहुलियत** : आयकर, बिक्रीकर, अन्तःशुल्क, भन्सार सम्बन्धी कानूनहरू एवं अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योगले देहाय बमोजिम सुविधा तथा सहुलियत पाउनेछ :-

(क) घरेलु उद्योगलाइ विक्रिकर, अन्तशूलक तथा आयकर लाग्ने छैन ।

(ख) ∝..................

(ग) ∅..................

(घ) ∅..................

(ङ) ∅..................

∇(च) चुरोट, बिंडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक अनुसूची-३ मा उल्लेख भएका अतिअविकसित अविकसित तथा अल्पविकसित क्षेत्रहरुमा स्थापित उद्योगहरुलाई लाग्ने ∅.................... अन्तःशुल्कमा क्रमशः पैंतीस, पच्चीस र पन्ध्र प्रतिशत छुट दिइनेछ ।

(छ) मुगु, हुम्ला, जुम्ला, डोल्पा, कालीकोट, बाजुरा, दार्चुला, बझाङ, अछाम, मुस्ताङ, मनाङ, सोलुखुम्बू, संखुवासभा तथा ताप्लेजुङ जिल्लामा स्थापित पच्चीस लाख रूपैयाँ सम्मको स्थिर जेथा भएको फलफूलमा आधारित फलफूल प्रशोधन तथा साइडर एवं वाईन उत्पादन गर्ने उद्योगले दश वर्ष तथा फलफूलमै आधारित मदिरा उत्पादन गर्ने उद्योगले पाँचवर्ष अन्तःशुल्क एवं बिक्रीकर छूट पाउनेछ । यस्तो छूटको अवधि पूरा भएपछि फलफूलमा आधारित मदिरा उद्योगलाई नेपाल सरकारले थप तीन वर्ष सम्मको अन्तःशुल्क तथा बिक्रीकर छूट दिन सक्नेछ ।

(ज) उद्योगले स्थिर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर सम्बन्धी कानूनमा उल्लेखित दरमा सोही दरको एक तिहाई थप गरी कट्टा गर्न पाउनेछ ।

(झ) ∝..................

(ञ) ∅..................

(ट) कुनै उद्योगले प्रदूषण नियन्त्रण वा वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा गरेको लगानीको पचास प्रतिशत सम्म खूद आय (ट्याक्सेवल इनकम) बाट कट्टा गर्न दिइनेछ । यस्तो छूट एकमुष्ट वा पटक पटक गरी तीन वर्ष भित्र कट्टी गर्न पाउनेछ ।

---

∝ पहिलो संशोधनद्धारा झिकिएको ।

∅ आयकर ऐन,२०५८ द्धारा झिकिएको ।

∇ पहिलो संशोधनद्धारा संशोधित ।

(ठ) ∅......................

(ड) ∝.....................

(ढ) उद्योग सञ्चालनमा आएपछि प्रविधि तथा वस्तुविकास एवं दक्षता बृद्धिमा भएका खर्च कूल मुनाफाको दश प्रतिशतसम्म रकम खूद आयबाट कट्टा गर्न पाउनेछ ।

(ण) ®.............

(त) ∅...............

(थ) ∅..............

(द) ∅..............

(ध) ∅..............

(न) ®..............

(प) उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको □प्याकिङ्ग मेटेरियल्स कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार, विक्रीकर, अन्तःशुल्क तथा प्रिमियम निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने छ । त्यसरी फिर्ता हुने राजश्व फिर्ता पाउन रीतपूर्वक दरखास्त दिएको साठी दिन भित्र निकासीकर्तालाई फिर्ता दिइनेछ । तर यस्तो रकम फिर्ता पाउन निकासी गरेको एक वर्ष भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

∇(फ) कुनै उद्योगले आफ्नो उत्पादन निर्यात प्रवर्द्धन गृहमा बिक्री गरेमा त्यस्तो बिक्री गरिएको वस्तु उत्पादन गर्न आयात गरिएको कच्चा पदार्थमा लागेको भन्सार महसुल तथा बिक्रीकर र तयारी वस्तुमा लागेको बिक्रीकर तथा अन्तःशुल्क सो वस्तु बिक्री गरी निर्यात समेत गरेको परिमाणको आधारमा सम्बन्धित उद्योगलाई फिर्ता दिइनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "निर्यात प्रवर्द्धन गृह" भन्नाले नेपाल ®......... भित्र स्थापित उद्योगका उत्पादनहरु संकलन गरी विदेश निर्यात गर्ने उद्देश्यले तोकिए बमोजिम स्थापित कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ ।

(ब) विदेशी मुद्रा आर्जन हुने गरी ®....... भित्र कुनै उद्योगले आफ्नो उत्पादन बिक्री गरेमा त्यस्तो उत्पादनमा लागेको अन्तःशुल्क, बिक्रीकर तथा त्यस्तो उत्पादनमा प्रयोग भएको □प्याकिङ्ग मेटेरियल्स, कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा लागेको भन्सार महशूल, अन्तःशुल्क, बिक्रीकर तथा प्रिमियम फिर्ता दिइनेछ । त्यसरी फिर्ता हुने राजश्व फिर्ता पाउन रीतपूर्वक दरखास्त दिएको साठी दिन भित्र त्यस्तो उद्योगलाई फिर्ता दिइनेछ ।

तर यस्तो रकम फिर्ता पाउन बिक्री गरेको एक वर्ष भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

∇(भ) निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा तिरेको भन्सार महसुल, बिक्रीकर, अन्तःशुल्क तथा प्रिमियम र उत्पादनमा तिरेको बिक्रीकर र अन्तःशुल्क निर्यात

---

® केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा झिकिएको ।

□ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थपिएको ।

∇ पहिलो संशोधनद्वारा संशोधित ।

® गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

भएको परिमाणको आधारमा बिक्री गरेको साठी दिनभित्र सम्बन्धित माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइनेछ ।

तर त्यस्तो रकम फिर्ता पाउन निर्यात गरेको एक वर्षभित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

∇(म) निर्यात प्रवर्द्धन उद्योगले प्रयोग गर्ने मेशीन, औजार, उपकरण, यन्त्र एवं कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन ।

तर यस्ता उद्योगको उत्पादन कुनै कारणबाट स्वदेशमा बिक्री गर्नु परेमा बिक्री गरिएको परिमाणको आधारमा कर, शुल्क वा दस्तुर बुझाउनु पर्नेछ ।

◊(य) कुनै उद्योगले मजदुर तथा कर्मचारीको आवास, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा, तालिम लगायतका दीर्घकालीन हितका लागि गरेको खर्चको रकम आयकर प्रयोजनका लागि कट्टी गर्न पाउनेछ ।

◊(र) औद्योगिक मेसिनरी उत्पादन वा अन्य कुनै वस्तु उत्पादनका लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने मुख्य कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार दर त्यस्तो कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिने औद्योगिक मेसिनरी वा तयारी वस्तु आयात गर्दा लाग्ने भन्सार दर भन्दी बढी हुने छैन ।

◊(ल) माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मूल वस्तु उत्पादन गर्ने उद्योगलाई बिक्री गरेमा त्यस्तो वस्तुको उत्पादनमा लाग्ने बिक्रीकर र अन्तःशुल्क मूल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको आधारमा लाग्ने करको हिसाब मिलान गर्न पाउनेछ ।

तर त्यस्तो मूल वस्तु उत्पादन गर्ने उद्योग बिक्रीकर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनु पर्नेछ ।

१६. **अन्य सुविधा तथा सहुलियत** : देहायका उद्योगहरूलाई दफा १५ मा उल्लेखित सुविधा तथा सहुलियतहरूका अतिरिक्त देहाय बमोजिमका सुविधा तथा सहुलियतहरू समेत दिन सकिनेछ :-

(क) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलब्ध गराउन सकिनेछ ।

(ख) उद्योगले आफ्नो उपयोगको लागि विद्युत शक्ति उत्पादन गरेमा कुनै दस्तूर (रोयल्टी) लाग्ने छैन ।

(ग) ◊निर्यात प्रवर्द्धन उद्योग, निर्यात प्रवर्द्धन क्षेत्र र सरकारी वा गैर सरकारी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सक्नेछ ।

(घ) कुनै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा नेपाल भित्र आविष्कार गरी स्थापना भएका उद्योगहरूको लागि बोर्डको सिफारिशमा मन्त्रिपरिषद्को निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

(ङ) ∝......................

(च) उद्योगको कच्चा पदार्थ एवं उत्पादनमा दोहरो बिक्री कर लगाइने छैन ।

---

∇ पहिलो संशोधनद्धारा संशोधित ।

◊ पहिलो संशोधनद्धारा थप ।

∝ पहिलो संशोधनद्धारा झिकिएको ।

१७. **एकद्वार समितिको गठन** : (१) नेपाल सरकारले यस ऐन अन्तर्गत उद्योगले पाउने सुविधा एवं सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन देहाय बमोजिमको एकद्वार समितिको गठन गर्नेछः-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, उद्योग विभाग | - संयोजक |
| (ख) | महानिर्देशक, भन्सार विभाग | - सदस्य |
| (ग) | महानिर्देशक, अन्तःशुल्क विभाग | - सदस्य |
| (घ) | महानिर्देशक, कर विभाग | - सदस्य |
| (ङ) | महानिर्देशक, बिक्रीकर विभाग | - सदस्य |
| (च) | महानिर्देशक, वाणिज्य विभाग | - सदस्य |
| (छ) | मुख्य नियन्त्रक, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (ज) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ | - सदस्य |
| (झ) | नेपाल सरकारले तोकेको उद्योग वाणिज्य संग सम्बन्धित विशेषज्ञ वा संघका प्रतिनिधि एकजना | - सदस्य |
| ∂(ञ) | महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग | - सदस्य |
| ♦(ट) | प्रतिनिधि (रा.प्र. प्रथम श्रेणी), पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |
| ∂(ठ) | उपनिर्देशक, उद्योग विभाग (सुविधा) शाखा | - सदस्य-सचिव |

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐन अन्तर्गत कुनै उद्योगले पाउने सुविधा एवं सहुलियतहरू उपलब्ध गराउन आवश्यक निर्णय गर्ने,

(ख) बोर्डले आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेको कार्यहरू गर्ने,

◊(ख१) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयवद्ध व्यवस्था गर्न आवश्यक सिफारिश गर्ने,

(ग) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम समितिले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ ।

◊(३) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार उपदफा ( ४) बमोजिम गठित उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

∂ मिति २०५०।११।२ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

♦ मिति २०५०।११।२ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप भै मिति २०५६।३।११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

◊ पहिलो संशोधनद्वारा थप ।

तर दफा १८ को उपदफा (१) को खण्ड (ख) मा तोकिएको अधिकार प्रत्यायोजन हुने छैन ।

[◊](४) समितिले आफूले गर्ने काम कारवाहीको लागि आवश्यकतानुसार उप-समितिहरु गठन गर्न सक्नेछ र त्यसरी गठन भएका उप-समितिहरुको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

१९. **सुविधा तथा सहुलियतको सुविधा सहुलियतको दुरूपयोग गर्न नहुने** : यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने सुविधा तथा सहुलियतहरू जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो काममा प्रयोग नगरी दुरूपयोग गर्न पाइने छैन ।

२०. **सुविधाको प्रत्याभूति** :(१) औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालन भएको उद्योगले अवधि किटिएका सुविधा तथा सहुलियतका सम्बन्धमा सोही ऐन बमोजिम र अवधि नकिटिएको सुविधा तथा सहुलियतका हकमा यस ऐन बमोजिम पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यापारिक उत्पादन शुरू गरेको उद्योगले यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति पाउँदाका बखत कायम रहेको औद्योगिक व्यवसाय ऐन बमोजिम पाउने अवधि किटिएको सुविधा तथा सहुलियत यस ऐनले प्रदान गरेको सुविधा तथा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन बमोजिम पाउन बाधा पर्ने छैन ।

[◊](३) यो उपदफा प्रारम्भ हुनु भन्दा अघि दर्ता भएको वा अनुमति प्राप्त भएको उद्योगले अवधि किटिएको सुविधा तथा सहुलियत जति दर्ता हुँदा वा अनुमति प्राप्त गर्दाको अवस्थाको कानून बमोजिम र अवधि नकिटिएको सुविधा र सहुलियत यसै ऐन बमोजिम पाउनेछ ।

२१. **उद्योगको राष्ट्रियकरण नहुने** : कुनै पनि उद्योग राष्ट्रियकरण गरिने छैन ।

२२. **औद्योगिक जनशक्ति** : (१)उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरूबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उद्योग विदेशी जनशक्ति विना सञ्चालन हुन नसक्ने भएमा त्यस्तो उद्योगमा श्रम विभागको पूर्व स्वीकृति लिई बढीमा पाँच वर्षको लागि विदेशी नागरिक नियुक्ति गर्न सकिनेछ । त्यसरी नियुक्त गरिएको व्यक्ति नेपाल भित्र उपलब्ध हुन नसक्ने विशिष्ट प्रकारको प्राविधिक भएमा श्रम विभागको स्वीकृति लिई त्यस्ता व्यक्तिलाई थप पाँच वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै उद्योगमा कार्यरत परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको देशको विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, मेहनताना आदि रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउनेछ ।

२३. **विवरण दिनु पर्ने** : उद्योगसंग सम्बन्धित रहेका तोकिए बमोजिमका विवरणहरू नियमित रूपमा सम्बन्धित विभागलाई उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

२४. **उद्योग बन्द गरेमा जानकारी दिनु पर्ने** : प्रचलित कानून बमोजिमको रीत पुऱ्याई उद्योग बन्द गरेमा त्यसरी बन्द गरेको सातदिन भित्र त्यसको जानकारी सम्बन्धित विभागमा दिनु पर्नेछ ।

---

[◊] पहिलो संशोधनद्वारा थप ।

२५. **नेपाल सरकारको अधिकार** :(१) कसैले यस ऐन बमोजिम अनुमति लिनु पर्नेमा अनुमति नलिई उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरू पालना नगरेमा वा यस ऐनको अरू कुनै कुरा उल्लंघन गरेमा नेपाल सरकारले देहाय बमोजिमको सजाय गर्नेछः-

(क) [∇]पाँच लाख रूपैयाँसम्म जरिवाना गर्ने,

(ख) उद्योगको दर्ता वा अनुमति खारेज गर्ने,

(ग) उद्योग बन्द गराउने ।

(२) उपदफा (१) अन्तर्गत कारवाही गर्नु अघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्न वा आफूले गरेको भूल सुधार गर्ने मुनासिव माफिकको मौका दिइनेछ ।

(३) उपदफा (१) अन्तर्गत नेपाल सरकारले गरेको निर्णय उपर चित्त नबुझेमा उद्योगले त्यसको सूचना पाएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

[◊]२५क. **रुग्ण रुउद्योगेग सम्बन्धी व्यवस्था** :(१)लगातार पाँच वर्षदेखि घाटामा संचालन भई कूल उत्पादन क्षमताको बीस प्रतिशत वा सो भन्दा कम उत्पादन गर्ने उद्योगलाई नेपाल सरकारले उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रुग्ण उद्योग घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उद्योगले त्यस्तो उद्योग विस्तार तथा विविधिकरण गर्नको लागि आयात गरिने मेसिनरीमा कुनै महसुल, शुल्क तथा कर लाग्ने छैन ।

२६. **अधिकार प्रत्यायोजन** :(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम बोर्डलाई प्राप्त भएको अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार सम्बन्धित विभाग, कार्यालय, अधिकारी, समिति, बोर्डका कुनै सदस्य वा बोर्डले गठन गरेको अन्य कुनै समिति वा उपसमितिहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम विभागलाई प्राप्त भएको अधिकारहरू मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अन्य कुनै विभाग, कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य प्राप्त गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२८. **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ ।

२९. **यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुरा सोही बमोजिम हुनेछ ।

३०. **खारेजी र बचाउ** : (१) औद्योगिक व्यवसाय ऐन, २०३८ खारेज गरिएको छ ।

(२) औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गत भए गरेको सम्पूर्ण काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

---

[∇] पहिलो संशोधनद्धारा संशोधित ।

[◊] पहिलो संशोधनद्धारा थप ।

## अनुसुची - १
(दफा ४ संग सम्बन्धित)

**घरेलु उद्योग**

◊चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक हाते तान, खुट्टे तान, अर्ध स्वचालित तान, वार्पिङ, रंगाई र छपाई, सिलाई (तयारी पोशाक बाहेक) बुनाई, राडी, पाखी, उनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठका कलात्मक वस्तु उत्पादन, बाँस बेत र निगालो सम्बन्धी काम, प्राकृतिक रेशाबाट वस्तु उत्पादन, हाते कागज र त्यसबाट बनेको वस्तु, सुन, चाँदी, पितल, तामा, कीमती तथा अर्ध कीमती पत्थर लगायतका फिलीगीरी सामान, गहना, मूर्ति, भाँडा आदि बनाउने कार्य, मह, च्यूरी, अलैंची प्रशोधन, माटो, चिनिया माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने, ग्रामीण ट्यानिंग र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बाबियो, चोया, सूती धागो आदिका सामान उत्पादन, हाड, सिङ्का कलात्मक सामान उत्पादन, ढुङ्गामा कुदी बनाइएको सामान, चित्रकला, पौवा, बाटिक, धूप, पुतली, खेलौना उद्योगहरु ◊र दुई लाख रुपैयाँ सम्म स्थीर जेथा भएका कुटीर उद्योगहरु ।

द्रष्टव्य :

१. विशेष रूपमा उल्लेख गरेकोमा बाहेक माथिका उद्योगहरूमा सञ्चालित मेशिनहरूले कुल पाँच किलोवाट भन्दा बढी विद्युत मोटर वा डिजल वा पेट्रोल वा क्रूड आयल इन्जिन शक्ति प्रयोग गरेको हुनु हुँदैन । यस परिप्रेक्षमा पावरलूम घरेलु उद्योग अन्तर्गत पर्दैन ।

२. मेशिनबाट उनी धागो कात्ने तथा मेशिनबाट ऊनी गलैंचा उत्पादन गर्ने उद्योगहरूको स्थापनार्थ अनुमति लिनु पर्नेछ ।

---

◊ पहिलो संशोधनद्धारा थप ।

◊ पहिलो संशोधनद्धारा थप ।

## ∇अनुसूची - २
(दफा ९ संग सम्बन्धित)

**अनुमति लिनुपर्ने उद्योग**

१. हातहतियार, गोली गट्ठा, बारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ्ग), मुद्रा तथा सिक्का उद्योग ।

२. चुरोट, बिडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ती मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग ।

∇ पहिलो संशोधनद्वारा संशोधित ।

अनुसूची-३
(दफा १३ को खण्ड (च) संग सम्बन्धित)

**क्षेत्रहरूको वर्गीकरण**

अति अविकसित क्षेत्र

| | | | |
|---|---|---|---|
| १. | दार्चुला | २. | बझाङ |
| ३. | बाजुरा | ४. | हुम्ला |
| ५. | जुम्ला | ६. | मुगु |
| ७. | कालीकोट | ८. | डोल्पा |
| ९. | मुस्ताङ | १०. | मनाङ |
| ११. | सोलुखुम्बू | १२. | संखुवासभा |
| १३. | खोटाङ | १४. | भोजपुर |
| १५. | अछाम | १६. | दैलेख |
| १७. | जाजरकोट | १८. | रुकूम |
| १९. | ओखलढुङ्गा | २०. | म्याग्दी |
| २१. | तेह्रथुम | २२. | रामेछाप । |

अविकसित क्षेत्र

| | | | |
|---|---|---|---|
| १. | ताप्लेजुङ | २. | रोल्पा |
| ३. | बैतडी | ४ | रसुवा |
| ५. | गुल्मी | ६ | पर्वत |
| ७. | डडेलधुरा | ८ | प्यूठान |
| ९. | डोटी | १० | सल्यान |
| ११. | पाँचथर | १२ | बाग्लुङ |
| १३. | सन्धुपाल्चोक | | |

अल्प विकसित क्षेत्र

| | | | |
|---|---|---|---|
| १. | कैलाली | २. | सुर्खेत |
| ३. | अर्घाखाची | ४. | पाल्पा |
| ५. | स्याङजा | ६. | धादिङ |
| ७. | लमजुङ | ८. | तनहुँ |
| ९. | गोरखा | १०. | सिन्धुली |
| ११. | उदयपुर | १२. | धनकुटा |
| १३. | इलाम | १४. | कञ्चनपुर |
| १५. | बर्दिया | १६. | दाङ |
| १७. | नुवाकोट | १८. | काभ्रेपलाञ्चोक |
| १९. | दोलखा | | |

∝ ......................................

∝ पहिलो संशोधनद्वारा झिकिएको ।

## ∇अनुसूची - ४
### ℜ(दफा १५ को खण्ड (ङ) संग सम्बन्धित)

राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरू

१. कृषि तथा वनजन्य उद्योगहरु ।
२. इन्जिनियरिङ्ग उद्योग (कृषि तथा औद्योगिक मेसिन उत्पादन गर्ने) ।
३. इन्धन बचत गर्ने वा प्रदुषण कम गर्ने साधन उत्पादन गर्ने उद्योग ।
४. फोहर मैला प्रशोधन गर्ने उद्योग ।
५. सडक, पुल, टनेल, रोपवे, फ्लाइङ्ग ब्रिज, ट्रलीबस तथा ट्राम निर्माण गरी संचालन गर्ने उद्योग ।
६. अस्पताल र नर्सिङ्ग होम (काठमाडौं उपत्यका बाहिर मात्र) ।
७. आयुर्वेदिक, होमियोपेथिक र अन्य परम्परागत औषधि उत्पादन गर्ने तथा अपाङ्ग तथा हाडजोर्नीको मद्दतका लागि प्रयोग गरिने बैशाखी, कम्मरपेटी, व्हील चियर, स्ट्रेचर र लट्ठी आदि उत्पादन गर्ने उद्योगहरु ।
८. फलफूल तथा तरकारी भण्डारका लागि स्थापित शीत भण्डार (कोल्ड स्टोरेज) ।

---

∇ पहिलो संशोधनद्धारा संशोधित ।

ℜ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०५५ द्धारा संशाधित भएको यो असूचीसंग सम्बन्धित दफा १५ को खण्ड -ङ) आयकर ऐन, २०५८ द्धारा झिकिएको ।

द्रष्टव्य : (१) औद्योगिक व्यवसाय -पहिलो संशोधन) ऐन, २०५४ को दफा १८ निम्न रुपमा छ :-

"१८ **औद्योगिक व्यवसाय (पहिलो संशोधन) अध्यादेश, २०५४ निष्कृय भएपछि त्यसको परिणाम** : औद्योगिक व्यवसाय -पहिलो संशोधन) अध्यादेश, २०५४ निष्कृय भएपछि अर्को अभिप्रायन देखिएमा सो नियकृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाको वखत चल्ती नभउको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चाले भएको कुरा वा सो बमोजिम रीत पुट्टयाइ अघिनै गरिउको कुनै काम वा भोगि सकेको कुनै कुरालाइ असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिउको कुनै दण्ड सजाय वा वफतलाइ असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाइ असर पर्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाइ पनि शुरु गर्न , चालु राख्न वा लागु गर्न सकिनेछ ।"

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।